CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री बाल्मीकि क्याम्पस

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

आनन्द भूमि

THE ANANDA BHOOMI

(The only Buddhist Monthly Magazine of Nepal)



चीनमा बुद्धको दन्त धातु मन्दिर

बुद्धधर्म सम्बन्धी नेपालको
एक मात्र मासिक पत्रिका

ज्ञ्या-पुन्ही

वार्षिक रू. १५/- प्रति रू. २/-

बुद्ध सम्वत् २५२६	—	भाद्र पूर्णिमा	विक्रम सम्वत् २०३९	—	भाद्र
नेपाल सम्वत् ११०२	—	ञला	1982 A. D.	—	September
वर्ष १०		अंक ५	Vol. 10		No. 5

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आनन्दभूमि" को नियम—

(१) "आनन्दभूमि" आनन्दकुटी विहार गुठीद्वारा प्रकाशित हुने नेपालको एकमात्र बुद्धधर्म सम्बन्धी मासिक पत्रिका हो। यो प्रत्येक पूर्णिमाको दिनमा निस्कनेछ। यसको आजीवन ग्राहक शुल्क रू. १५०।– र वार्षिक ग्राहक शुल्क रू. १५।–·मात्र छ। जुनसुकै महीनामा पनि ग्राहक बन्न सकिन्छ। वार्षिक–ग्राहकलाई पूरा १२ वटा अंक प्राप्त हुनेछ। एक प्रतिको रू. २।–

(२) यसमा बुद्ध धर्मसँग सम्बन्धित विषय छापिनेछ।

(३) लेखकद्वारा प्रकट भएको कुनै पनि विचारमा लेखको उत्तरदायित्व लेखक नै हुनेछ। सम्पादक–मण्डल हुनेछैन।

(४) लेखकले नेपाली, नेपालभाषा र अंग्रेजीमध्ये कुनै पनि भाषामा लेख पठाउन सक्नुहुन्छ र पठाइएका लेख फिर्ता पठाउने व्यवस्था गर्न नसकिने भएकोले लेखको प्रतिलिपि आफूसँग राखी पठाउन अनुरोध छ।

(५) लेख पठाउँदा र पूरा साइजको कागजमा एकपट्टि मात्र लेखेर पठाउनु पर्नेछ।

(६) ग्राहक शुल्क, विज्ञापन तथा प्रवन्ध सम्वन्धी पत्र व्यवस्थापकको नाउँमा पठाउनुहोला। पत्र व्यवहार गर्दा आफ्नो ग्राहक संख्या तथा नाम ठेगाना राम्ररी लेखिएको हुनु जरूरी छ। ठेगाना हेरफेर हुने भएमा एक महोना अगावै व्यवस्थापकलाई सूचना दिनुहोला। पत्रिका समयमा नपुगे सूचना दिने कृपा गर्नुहोला।

(७) कुनै पनि लेख प्रकाश गर्ने वा नगर्ने अधिकार सम्पादकमै रहनेछ।

आनन्दभूमि कार्यालय, आनन्दकुटी, स्वयम्भू, काठमाडौं।

विषय - सूचि

बुद्ध बचन	१	निब्वाण–५	११
पण्णिक जातक	२	विशुद्धि मार्ग–३	१२
प्रतीत्यसमुत्पाद	३	थ्व जन्म म्हसीकि	१६
प्राप्ति	४	जीवन–स्वां	१६
तथागत गौतम बुद्ध	५	आनन्दकुटीया जातः–२	१७
गुरु भयो	६	O SAD, SAD EARTH	१८
विद्यार्थी जीवन	७	सम्पादकीय	१९
सम्पादकलाई चिट्ठी	९	बौद्ध गतिविधि	२१
यस्तो पनि हुँदोरहेछ	१०		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प दं.नं.१२२.

आनन्द भूमि

महावग्ग–विनयपिटकबाट ।—

"चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं । देसेथ भिक्खवे धम्मं आदिकल्याणं मज्झेकल्याणं परियोसान कल्याणं सात्थं सव्यञ्जनं केवलं परिपुण्णं परिसुद्धं ब्रह्मचरियं पकासेथ ।"

★ ★ ★

भिक्षुहरू ! बहुजन हितको लागि, बहुजन सुखको लागि, विश्वमाथि दयाको लागि, देव र मनुष्यहरूको हित, सुख र कामको लागि संचार गर । भिक्षुहरू ! आरम्भ, मध्य र अन्त्य समयसम्म कल्याण हुने धर्मको अर्थ र भाव सहित उपदेश दिएर सम्पूर्ण परिशुद्ध ब्रह्मचर्य (धर्म) को प्रकाश पार ।

प्रधान सम्पादक
भिक्षु अश्वघोष

सम्पादक
भिक्षु कुमार काश्यप
सुवर्ण शाक्य
प्रकाश वज्राचार्य

व्यवस्थापक
भिक्षु महानाम

सह–व्यवस्थापक
भिक्षु मैत्री

प्रकाशक
आनन्दकुटी विहार गुठी
स्वयम्भू, काठमाडौं
फोन: १४४२०



क्रोधीलाई अक्रोधले जित्नू, नराम्रो गर्नेलाई राम्रो कामले जित्नू, कृपणीलाई दानले जित्नू र असत्यवादीलाई सत्यले जित्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्णिक जातक

वर्तमान कथा

पण्णिक एक श्रावस्तीवासी उपासक हो। ऊ नानाप्रकारका जडीबूटीहरू र लौका तथा कुभिण्डो आदि बिक्री गरी जीविका गर्थ्यो। उसकी एक छोरी थिई। उनी अभिरूपिणी, दर्शनीया, आचारशीलसम्पन्ना र लज्जा एवं भयसम्पन्ना थिई। उनी सधैंजसो हाँसिरहने स्वभावकी थिई। उनलाई समानकुलबाट विवाहको लागि माग्न आएपछि उपासकले सोच्यो—"यसलाई एकदिन त दिइ-पठाउनैपर्छ किन्तु यिनी हाँसिमात्र रहने हुनाले यसमा कुमारित्व बाकी छ छैन भन्ने थाहा पाउनु आवश्यक छ किनभने परकुलमा गएकी कुमारीबाट आमाबाबुलाई अपवाद हुनेछ।"

एकदिन उसलाई जंगलबाट पात ल्याउन एकवटा ढक्की सहित जंगलमा पठाइयो। उपासकले एकान्तमा रहस्यमय कुरा गरी उससँग आसक्त भएजस्तो गरी उसको हात समायो। बाबुको यस्तो व्यवहार देखी रुँदै कराउँदै उसले भनीन्—"तात! यसो गर्नु योग्य छैन। यो त पानीबाट आगो निस्के जस्तो भयो। यस्तो नगर्नुस्।"

"अम्मे! तिम्रो परीक्षा लिन मैले यसो गरेको हुँ। भन, अहिले तिमीमा कुमारीत्व विद्यमान छ?"

"तात! छ। मैले कहिल्यै पनि कुनै पुरुषमाथि आसक्त चित्तले हेरेकी छैन।"

त्यसपछि त्यस पण्णिकले छोरीलाई धैर्य गराई घरमा लगी बिवाह गरिदियो र आफू गन्धमाला आदि हातमा लिई शास्तालाई वन्दना गर्न भनी जेतवनमा गयो। शास्तालाई पूजा वन्दना गरिसकेपछि एक छेउमा बस्दा 'धेरै दिनपछि आयौ नि' भन्ने शास्ताको सोधनीपछि उनले छोरीको सबै कुरा बतायो। उसको कुरा सुनेर शास्ताले भन्नुभयो—"उपासक! तिम्री छोरी चिरकालदेखि आचारशीलसम्पन्न छिन्। तिमीले अहिले मात्र यसरी परीक्षा गरेका होइनौ अघि पनि यसरी नै परीक्षा गरेका थियौ।"

नेपालमा बनेको
बिजुलीको चुल्हो
आशा हिटर
प्रयोग गर्नोस्!
तपाईंलाई फाइदा हुन्छ।
महंगो दाउरा बच्छ।
सर्वप्रथम निर्माता
आशाबहादुर प्रजापति
दीगु टोल, थिमि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतीत्यसमुत्पाद

– बुद्धपुत्र

बौद्ध धर्मको अध्ययनमा धेरै ठाउँमा प्रतीत्यसमुत्पाद भनी उल्लेख भएको पाइन्छ। कुनै पनि बौद्ध दर्शनको अध्ययन गर्न चाहने व्यक्तिलाई प्रतीत्यसमुत्पादको ज्ञान हुनु अति आवश्यक छ। बुद्धका ४ आर्यसत्यहरू १. दुःख २. दुःखको कारण ३. दुःखको अन्त ४. दुःख अन्त गर्ने मार्ग, त सर्वविदितै होला। बौद्धधर्मको गहन अध्ययन गर्दा दोश्रो आर्यसत्यमा यस प्रतीत्यसमुत्पादको उल्लेख भएको पाइन्छ। ४ आर्यसत्य उसैले बुझ्न सक्छन् जसले प्रतीत्यसमुत्पादबारे पूर्ण ज्ञान पाएका छन्। बुद्ध स्वयं भन्नुहुन्छ।

"जसले प्रतीत्यसमुत्पाद बुझ्छ उसले धर्म बुझ्छ, जसले धर्म बुझ्छ उसले प्रतित्यसमुत्पाद बुझ्छ।"

यसरी स्वयं बुद्धले प्रतीत्यसमुत्पादलाई धर्मको संज्ञा दिएको पाइन्छ। साँचै भन्ने हो भने प्रतीत्यसमुत्पाद सारा बौद्ध दर्शनको आधार हो। प्रतीत्यसमुत्पाद विश्वका गहनतम दर्शनहरूमध्ये एक हो। शून्यवाद, क्षणिकवाद आदि दर्शनहरू यसै प्रतीत्यसमुत्पादद्वारा निकालिएका थिए। तर जतिसुकै गहन भए तापनि यस दर्शनमा व्यावहारिकता पाइन्छ। साँच्चै नै भित्रसम्म प्रतीत्यसमुत्पाद बुझ्ने क्षमता हामीमा छैन। तैपनि आफूले बुझेको जति सकेसम्म सरल तरीकाले यो विषय यहाँ प्रस्तुत गरिन्छ।

प्रतीत्यसमुत्पादलाई पालिमा पटिच्च समुप्पाद भनी उच्चारण गरिन्छ। जसमा पटिच्चले कुनै वस्तुको उपस्थिति भएर तथा समुत्पादले अर्को वस्तुको उत्पन्न हुन्छ भन्ने जनाउँछन्। यसरी एउटाको कारणले गर्दा अर्को उत्पन्न हुनेलाई नै प्रतीत्यसमुत्पाद भन्न सकिन्छ। फलतः बौद्धधर्म अनुसार कुनै पनि कुरो विना कारण हुन सक्तैन।

यस दर्शन अनुसार हरेक चीज परिवर्तनशील छ। कुनै पनि कुरो नित्य छैन। बौद्धधर्म कुनै नित्य, अमर, अजर आत्मा मान्न तयार छैन। त्यसैले यो अनात्मवाद हो। आधुनिक विज्ञान अनुसार पनि कुनै कुरो विना कारण हुन सक्तैन र हरेक कुरा परिवर्तनशील छन्। त्यसैले बौद्धदर्शन र आधुनिक विज्ञान एउटै आधारमा रहेका छन्।

यस दर्शनानुसार कुनै कुरोको अस्तित्व एकैछिनको लागि मात्रै हुन्छ। त्यसपछि यसले तुरुन्तै अर्को उत्पन्न गरिहाल्छ। कुनै वस्तु कुनै दुई क्षणमा उपस्थित रहन सक्तैन, फरक भैसकेका हुन्छन्। यसैलाई नै क्षणिकवाद भनिन्छ। यही दर्शनको आधारमा पछि गएर नागार्जुनले आफ्नो शून्यवादको विकास गरे जस अनुसार कुनै पनि वस्तुभित्र नित्य, अजर र स्थिर तत्वको अस्तित्व छैन।

यस प्रतीत्यसमुत्पादमा १२ कडीहरू छन्। जुनकि यहाँ छोटकरीमा प्रस्तुत गर्दछु।

१. जरामरण––जन्मनु, बूढा हुनु, मर्नु दुःखै हो। शोक, मनको खिन्नता, हैरानी दुःखै हो। अप्रिय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सँग संयोग र प्रियसँगको वियोग पनि दुःखै हो। इच्छा भएको प्राप्त नहुनु पनि दुःखै हो। अब यस जरामरणको कारण के त ?

२. जाति (जन्मनु)—यदि हाम्रो जन्म नै नभएको खण्डमा जरामरण कसरी हुन्छ ? यसैले जाति नै जरामरणको कारण हो। अब जातिको कारण ?

३. भव (अस्तित्व) नै जातिको कारण हो। अस्तित्व नै छैन भने कसरी जन्मिन्छ ? भवको कारण ?

४. उपादान (अनुराग) को आधारमा अस्तित्व रहेको हुन्छ। उपादानको कारण ?

५. तृष्णा (इच्छा वा लालसा)—इच्छा विना अनुराग सम्भव छैन। तृष्णाको कारण ?

६. वेदना—वेदना विना तृष्णा हुन सक्तैन। वेदनाको कारण ?

७. फस्स (स्पर्श)—कुनै वस्तु र इन्द्रियको संयोग हुनु नै स्पर्श हो। फस्सको कारण ?

८. षडायतन—६ आयतन। यी नै स्पर्शको कारण हो। षडायतनको कारण ?

९. नाम र रूप (मन र शरीर)—विश्वको कुनै पनि वस्तुमा नाम वा रूप वा दुवै अवश्य हुन्छ। जीवित शरीर नाम र रूप दुवै मिलेर बनेका हुन्छन्। यसको कारण ?

१०. विज्ञान—यहाँ विज्ञान भनेको चेतना बुझिन्छ। चेतना नै जीवनको प्रमुख लक्षण हो। विज्ञान नभैकन जीव बन्न सक्तैन। यसको कारण ?

११. संस्कार—संस्कार भनेको हाम्रो मनमा कुनै कुरो-बाट परेको छाप वा प्रभाव बुझिन्छ। यसको कारण ?

१२. अविद्या—नबुझ्नु अर्थात् अज्ञानता। यस्तो चक्रमा फँसेर नै हामीले दुःख पाइराखेका छौं। यसैलाई भवचक्र भन्दछन्।

यी १२ वटा कडीहरूलाई नै द्वादश निदान भनिन्छ। यो चक्र आफसे आफ चल्छ। कारण उत्पन्न हुनासाथ त्यसको फल आफै उत्पन्न हुन्छ। यसैले यसलाई हेतुवाद वा कारणवाद पनि भनिन्छ। भवचक्रबाट मुक्त हुन कहिल्यै जन्म मरण नभएको निर्वाण सम्पत्ति प्राप्त गर्न कामना गरौं।

卐

प्राप्ति

– माणिकरत्न स्थापित

बुद्ध ! तिम्रो छायामा
न मैले खुकुरी नै पाएँ
न पाएँ तलवार
न वाणको बर्षा नै पाएँ
न कुनै आधुनिक हथियार नै पाएँ
मैले त पाएँ केवल
यी तीन शब्दहरू
बुद्धं शरणं गच्छामि !
धम्मं शरणं गच्छामि !
संघं शरणं गच्छामि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथागत गौतम बुद्ध

— धर्मरत्न शाक्य

तथागत गौतम बुद्ध हाम्रो नेपालका राष्ट्रिय विभूति तथा एशियाका ज्योतिपुञ्ज अनि विश्वशान्तिका पथ प्रदर्शक हुनुहुन्छ। सबैलाई विदित भएकै कुरा हो कि —वैशाख पूर्णिमाको पवित्र पुनीत दिनमा उहाँ हाम्रै नेपालको पश्चिम तराईको लुम्बिनी उपवनमा कपिलवस्तुका शाक्यराजा शुद्धोदनकी अग्रमहिषी महामायादेवीको कोखबाट जन्मिनु भयो। त्यसवेला नै लोकमा शान्तिको पूर्वाभास प्रकट भएको थियो, देशमा धर्मको एक लहर उठेको थियो, परन्तु यथार्थ ज्ञान बिना लोकमा शान्ति सम्भव थिएन। जब बोधिसत्व सिद्धार्थले २९ वर्षको उमेरमा सम्पूर्ण राज्य सुख तथा पत्नी पुत्र आदि त्याग गरी धर्मको अन्वेषण गर्दै अन्तमा बुद्धगयाको बोधिवृक्ष मुनि बुद्धत्व लाभ गर्नुभयो त्यसबेला ब्रह्मादिदेवहरूले अनुत्तर बोधिज्ञान प्राप्त गर्नुभएकोमा साधुवाद दिंदै वहाँको पूजा गरे।

जुन सत्य ज्ञान वहाँले प्राप्त गर्नु भएको थियो त्यस सत्यज्ञानलाई वहाँले प्राणीमात्रको कल्याणको निम्ति ४५ वर्षसम्म देव मनुष्यहरू बीच प्रचार गर्नुभयो। जसबाट वहाँ विश्ववन्दय हुनुभयो, जगत शास्ता हुनुभयो, मानव धर्मका प्रवर्तक हुनुभयो। आज २५०० वर्षपछि पनि वहाँको धर्म विश्वको निम्ति उत्तिकै आवश्यक छ, उत्तिकै कल्याणकारी छ। यस धर्ममा न त कुनै जाति भेद, वर्ण भेद, वर्ग भेद, लिङ्ग भेद जस्ता संकीर्णता छन्, न त अन्धविश्वास जस्ता अन्धकार नै छ। वहाँको धर्म सार्वजनिक, वैज्ञानिक र सर्वकालिक छ। विद्वान्हरूले अध्ययन गरेको खण्डमा आफैले यथार्थ बुझ्न सकिने धर्म भएकोले नै आज उहाँको धर्म कुनै एक जाति, कुनै एक वर्ग, कुनै एक समुदाय, कुनै एक देशको नभैकन विश्वमा प्रख्यात र मानव मात्रको निम्ति कल्याण गर्ने मानव धर्म हुन गएको छ। यस्तो परमोपयोगी धर्मको साक्षात्कार उहाँले वैशाख पूर्णिमाको दिनमा लाभ गर्नु भएको थियो।

यसरी लोक कल्याणको निम्ति महाकारूणिक तथागत गौतम बुद्धले धर्मको चक्र घुमाई पुण्य वीज हुनेहरूको निम्ति मोक्षको द्वार खोली, पुण्यसंस्कार नभएकाहरूको निम्ति संस्कार वीज रोप्न पुण्यक्षेत्र स्थापना गर्नुभै आफूपछि धर्म र संघ नै आफ्नो प्रतिनिधि तुल्याउनु भै कुशीनगरको सालवृक्ष मुनि ८० वर्षको उमेरमा वैशाख पूर्णिमाको दिनमा महापरिनिर्वाण हुनुभयो।

सम्पूर्ण नेपालीहरूले उहाँको जयन्ती भव्यरूपले मनाउनु परम कर्तब्य हो। वैशाख पूर्णिमाको दिन विश्वका देशहरूमा बुद्धजयन्ती अत्यन्त भव्यरूपले मनाइरहेको समाचार हामी प्रतिवर्षै जानकारी पाउँदै आएका छौं। हामी नेपालीले यस्ता गौतम तथागतको परमोपदेशलाई हृदयङ्गम गर्दै त्यस उपदेशानुसार आफ्नो जीवन सुधार गर्दै संसार दुःखबाट मुक्त हुन किन प्रयत्नशील नबनूं? वहाँले उपदेश दिनुभएको छः—

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा।
स चित्त परियोदपनं एतं बुद्धानुसासनं॥

अर्थ—सबैप्रकारको पाप (अकुशल कर्म) नगर्नू, कुशल (पुण्य) संग्रह गर्नू, आफ्नो चित्तलाई परिशुद्ध राख्नू, यही बुद्धको शासन (उपदेश) हो।

भवतु सब्ब मङ्गलं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुरु भयो

– ज्ञानशोभा शाक्य, धरान

(१)

शुरु भयो, फेरि हेर लौ
मानिसको बलि देशमा
रण भूमिमा लड्न लागे मानिस
खसी, भेँडाको रूपमा ।

(२)

हुन लागे वेदिका बलि
निर्दोष दाजु भाइ यहाँ
कसले पुछ्ला, रगतका आँसु
टुहुरा छोरा–छोरीको यहाँ ।

(३)

के पाउँछन् ती निर्दोषले यहाँ
लुला लंगडा भी.सी. तक्मा अनेक
कसले देला, माया छाया बाबुको
टुहुरा भयो बाल बालिका अनेक ।

(४)

शान्ति पाउनलाई, फेरि लौ
हुन लागे काटमार मानवको
मुखमा मात्र शान्ति, शान्ति छ
कर्म गर्न लागे हिंसाको ।

(५)

आज फेरि, संसारले
बिर्सिरहेछन्, बुद्धलाई
पञ्चशीलको पालन गरी
संझ फेरि, महामानवलाई

(६)

शान्ति यहाँ खोजी गर्छन्
मानवहरूको बलि चढाई
बुझ्न सकेन मानिसले
आर्य अष्टांगिक बुद्धको मार्ग ।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निबन्ध

विद्यार्थी जीवन

– सुश्री सरला प्रधान
कक्षा – आठ

२५२६ औं बुद्धजयन्तीको उपलक्ष्यमा आनन्दकुटी कन्या विद्यापीठमा आयोजित विद्यालय स्तरीय निवन्ध प्रतियोगितामा प्रथम स्थान प्राप्त रचना ।

हरेक व्यक्तिहरूलाई केही न केही जानिराख्न र सिक्न मन लाग्छ । यही जान्ने र सिक्नेलाई नै जिज्ञासा भनिन्छ । यही जिज्ञासाले मानिसलाई पशुभन्दा फरक पारेको हो । पढ्ने लेख्ने कुरा सिक्ने व्यक्तिलाई विद्यार्थी भनिन्छ । जीवन भनेको आफू बाँचेर बिताउने समय हो । शिक्षा मानिसको लागि महत्वपूर्ण कुरा हो । शिक्षाले अन्धोलाई पनि प्रकाश दिन्छ । अँध्यारोलाई पन्छाएर भविष्यलाई उज्यालो बनाइदिने मुख्य कुरा शिक्षा हो । शिक्षा आर्जन गर्ने ठाउँलाई विद्यालय वा शिक्षालय भन्दछन् । शिक्षा आर्जन गर्ने व्यक्ति विद्यार्थी हो । विद्यार्थीले सम्पूर्ण जीवन विद्यालय वा विश्वविद्यालयमा बिताउँछन् । यही जीवनलाई विद्यार्थी जीवन भन्दछन् । विद्यार्थी जीवनमा विद्यार्थीको कर्तव्य पढ्नु हो ।

पहिले पहिलेका व्यक्तिहरूले २५ वर्षसम्म गुरुकुलमा बसेर विद्याध्ययन गर्दथे । विद्या आर्जन गरिसकेपछि विवाह गरेर गृहस्थाश्रम जीवन यापन गर्दथे । त्यसवेलाका शिष्यहरूले गुरुको आज्ञालाई शिरोधार्य गरी, अह्राएको काम मन लगाएर गर्दथे । बिलासिताबाट टाढा रही जटापाल भएर जीवन बिताउँथे । आजकालका विद्यार्थीहरूलाई विद्योपार्जन गर्न त्यस्तो गाह्रो छैन । तैपनि उनीहरू आपनो जीवनरूपी बाटोको ज्ञानरूपी ढोका खोल्न चाहँदैनन् ।

विद्यार्थी जीवन विद्यार्थीको लागि निस्फिक्रीको जीवन हो । यस अवस्थामा उनीहरूलाई कुनै पारिवारिक समस्या हुँदैन । आमाले दिएको खाने, बाबुले दिएको लाउने र गुरुले दिएको पाठ पढ्ने विद्यार्थीको काम हो । विद्यार्थीलाई यदि कुनै समस्या छ भने त्यो हो परीक्षाको, तर पनि पढ्ने विद्यार्थीको निम्ति गाह्रो भन्ने केही हुँदैन ।

विद्यार्थीहरू दुई प्रकारका हुन्छन् ।

(१) पढ्ने विद्यार्थी

(२) नपढ्ने विद्यार्थी

पढ्ने विद्यार्थीको बानी–बेहोरा, आचार–बिचार, संगत राम्रो हुन्छ । सबै साथीहरूसँग आपसमा मेलमिलाप राख्दछन् । असल व्यक्ति खराब व्यक्तिको होहल्लामा लाग्नु हुँदैन ।

नपढ्ने विद्यार्थीको बानी–बेहोरा, आचार–विचार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संगत राम्रो हुँदैन। खराब बानी कहिल्यै गर्नु हुँदैन। पढाइमा ध्यान नदिने विद्यार्थी जाँचमा फेल हुन्छ। आमा–बाबु, गुरु रिसाउनु हुन्छ। समय मूल्यवान चीज हो। जसले शिक्षा ग्रहण गर्छ उसको भविष्य राम्रो र सुखी बन्छ। विद्यार्थीको मुख्य काम पढ्नु हो। समयमा नै असल काम गरेमा हामीले सुखको सास फेर्न पाउँछौं। विद्यार्थी जीवनमा विद्यार्थीको मन र मगज ताजा हुन्छ। जिज्ञासा प्रवल हुन्छ। यस समयमा जे सिकायो त्यो कुरा सजिलैसँग सिक्न सक्छन्। विद्या विहीन व्यक्तिको जीवन निरस र खोक्रो हुन्छ। शिक्षा हासिल गरी विद्वान् भएर देश, समाज र विश्वलाई उठाउन सकेमा उसको नाम संसारमा चम्किन्छ। हामीले अरूप्रति दयाको भावना देखाउनुपर्छ। यो दयाको भावना मूर्खमा कम हुन्छ विद्वान्को दाँजोमा।

विद्यार्थी जीवन तीन किसिमका छन्।

(१) छात्रावासमा बसेर पढ्ने

(२) घरमा बसेर पढ्ने

(३) घरमा हो तव पनि जागिर खाएर पढ्ने।

छात्रावासमा बसेर पढ्ने विद्यार्थीहरूको जीवन जस्तो आनन्दको जीवन अरूको हुँदैन। छात्रावासमा विहान बेलुका विद्यालयमा दिएको काम गर्ने र दिउँसो विद्यालयमा गएर पढ्ने। उनीहरूको पढ्ने, लेख्ने, खेल्ने काम ठीक ठीक समयमा हुन्छ। विद्यार्थीको फाइदाको लागि पुस्तकालयको व्यवस्था मिलाइराखेको हुन्छ। खालि पाठ्यपुस्तक मात्र पढ्नाले किताबको कीरो बनिने हुनाले हामीले पुस्तकालयबाट विभिन्न किताब, पत्र–पत्रिकाहरू लिएर पढ्ने बानी गर्नुपर्छ।

घरबाट पढ्न आउने विद्यार्थीहरूलाई छात्रावासमा बसेर पढ्ने विद्यार्थीहरूको जस्तो सुविधा हुँदैन। घरको काम गर्दा समय बित्छ र राम्रोसँग पढ्ने समय कम पाउँछन्।

जागिर खाएर पढ्न आउने विद्यार्थीहरूले दुई कुरा बेहोर्नु पर्ने हुँदा पढ्ने समय पाउँदैनन्। उनीहरूले विद्यार्थी र व्यवहारिक जीवनमा पर्न आउने विभिन्न बोझ र समस्याले गर्दा पढ्ने समय कम हुने हुनाले परीक्षामा राम्रो गर्न सक्दैनन्।

विद्यार्थीको कलम, परीक्षा, पुस्तक, कापी आदि साथी वा सरजामहरू हुन्। जसले राम्ररी पढेको छ उसको माग बढी हुन्छ। जति पढेको व्यक्तिको माग हुन्छ उति गुणात्मक रूपले नपढेको विद्यार्थीको माग कम हुन्छ। पहिलेका बूढापाकाहरूले नपढेका हुनाले उनीहरू भन्छन्—के गर्नु बेलामा पढ्ने बुद्धि आएन त्यसैले जिन्दगीमा सुखको घाम लागेन।

विद्यार्थीले विद्यालयको नियम पालन गर्नुपर्छ। गुरुलाई नमस्कार गर्ने, गुरु आउनुहुँदा सन्मान गर्नुपर्छ। यत्तिमात्र होइन—पढाएको मन लगाएर पढ्ने, होहल्ला नगर्ने, झगडा नगर्ने, साथीभाइसँग मिलेर बस्ने, राम्रो व्यवहार गर्ने बानी सिक्नुपर्छ। करकाप र डरले पढ्ने विद्यार्थीभन्दा आफूले पढ्नुपर्छ भनेर पढ्ने विद्यार्थी नै असल हुन्।

विद्यार्थी जीवनमा पढ्ने बुद्धिको विकास गर्नसके सुनमा सुगन्ध हुन्छ। विद्यार्थी जीवन असल चरित्र निर्माणको मार्ग हो। विद्यार्थी जीवनमा समयको सदुपयोग गर्न सके भविष्यको मार्ग उज्यालो हुन्छ र समय खेर फालेमा भविष्यको मार्ग अँध्यारो हुन्छ। यसवेलाको एक एक क्षण पनि सुनका एक एक कण जस्तै अमूल्य हुन्छ। साराँशमा बिर्सन नसक्ने कुरा के छ भने त्यसबेला हामीले समयको सदुपयोग गर्नसके विद्यार्थी जीवन सफल हुन्छ। विद्या नै विद्यार्थीको गहना हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकलाई चिठी

श्रीमान् सम्पादकज्यू,

नियमित रूपमा आनन्दभूमि प्राप्त भइराखेको छ। मेरा दुइवटा रचना पनि प्रकाशित भएको देख्न पाएँ। अरू दुइवटा अझ प्रकाशित हुन बाकी छ। बौद्ध धर्मका विषयमा लेखिएका नेपालभाषा, नेपाली र अंग्रेजी भाषाका लेखहरूलाई आनन्दभूमिमा स्थान दिनुभएको धर्मको उत्थान र विकास गर्दै जानुपरेको दृष्टिकोणले प्रशंसनीय एवं स्वागत योग्य छ।

२०३९ साल आषाढको अंकमा 'छुल्टिम शेर्पा' लाई दिनुभएको प्रत्युत्तर ज्यादै चित्तबुझ्दो छ। व्यापक धार्मिक भावनामा भाषाको संकीर्णतालाई स्थान दिइनुहुन्न। कसैले पनि यस धर्म सम्बन्धी आफ्नो भाव व्यक्त गर्न आफ्नो मातृभाषाको सहारा लिन्छ भने त्यस कुरालाई स्वीकार्नुपर्छ।

प्रकाशनार्थ पठाएको मेरा लेख रचनालाई पनि आनन्दभूमिमा स्थान दिनुहोला भन्ने आग्रह एवं विश्वास छ।

मान बज्राचार्य
बराहक्षेत्र, सुनसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(शान्तिको बाटो 'सत्य घटना')

यस्तो पनि हुँदोरहेछ

गठेमंगलको दिन थियो। काठमाडौंका दोबाटाहरूमा नर्कटको पिशाचरूप मूर्ति ठड्याई जगात लिई साँझ तिनीहरूलाई डोरीले बाँधी विधिपूर्वक पूजा गरी तानेर लगी नदीमा सेलाउने गर्थे। एउटा टोलमा नर्कटका एउटा पिशाचरूपलाई बच्चाहरूले नदीमा सेलाउन तानेर कराउँदै चिल्लाउँदै लगिराखेका थिए। जोडले तानेर लैजाँदा एउटी बटुवी आइमाई त्यसमा अल्झेर लडी र त्यही वाक्लो नर्कटिया पिशाचमा पर्न जाँदा १०x१२ पाइलासम्म चिप्लेटी खेल्दा झैं घिस्रेर तान्रिईन् र फुस्केर त्यसवाट अलग भइन्। केटाहरूको होस् आयो र तान्न छोडी टक्क रोकिए। आइमाई ज्यादै मुर्मुरिईन्। एकछिन नर्कटको जात्रा रोकियो र आइमाईको जात्रा भयो। उनी प्रवासी नेपाली आइमाई थिईन्। झ्यालमा बसेर हेरिरहेका तमासेहरू हल्ला गर्दै हाँसिरहेका थिए। बच्चाहरूले पुनः जात्रा शुरु गर्न लाग्दा ती आइमाईले रिसको झोंकमा आफ्ना अगाडि परेका बच्चाहरूलाई हात उजाई पिटुं जस्तो गरी शरीर हिलाईन्। झ्यालमा वसी हेरिरहने एकजना सुधारकले त्यो घटनादेखी एकजना बाटोमा आइरहेको आफ्नो साथीलाई पुकारेर त्यस दिनको चाड परम्पराको परिचय दिएर माफी समेत मागिदेऊ भनी अनुरोध गर्दा त्यसले उसको कथनानुसार ती आइमाईसँग व्यवहार गर्‍यो। त्यसै मौकामा बालकहरूले जात्रा शुरु गरे र नर्कटलाई तानेर लगे। आइमाई मुर्मुरिएतापनि सम्झाउन आउनेसँग सुधारको माग गरी लज्जाले भुतुक्क भई आफ्नो बाटो लागीन्। अरू अप्रिय घटना घट्न पाएन। त्यस दिनमा बिहानैदेखि बटुवाहरूसँग रोकी रोकी जगात लिने चलन थियो। परम्परा बिग्रेर साना भुराहरूले डोरी टाँगी बटुवा र बाहन चढेर आउने समेतलाई बाधापारी दिक्क पार्ने गर्थे। त्यस दिनको चाडमा नै त्यस सुधारकले त्यस टोलमा त्यस्तो अशोभनीय काम रोकी सरल र टिकाऊ तरीका अपनाइसकेको थियो। त्यस दिनको आइमाईको घटनादेखि सबै चेतिए जस्तो भए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निब्बाण-५

– भिक्षु सुदर्शन

'निब्बाण' या बौद्धिक अध्ययन क्रमय् आपालं विचार विभिन्नता खने दइगु स्वाभाविक खः। अध्ययन व्यक्ति परक जुइ। उकिसं निब्बाणबारे विशेषतः अनुपादिसेस निब्बाणबारे शब्द-चित्रण उस्त मदुगु, दय्‌गु सम्भव नं मदुगुली अध्ययनया परिणामय् थ्व विभिन्नता व्रुन हे दइगु जुल। मनया अनुभूति म्ये वा म्हुतुइ वयाः अनूदित जुतलें गुलिखे स्तर तने धु'की। सांसारिक रागानुभूतीं जाःगु मिखां छकः स्वइबलय्‌या भाय् ला भाषां पूवंक धाय् फइ मखु, आकस्मिक मरण वियोगया तीव्र पीडा ला ख्वबि धरधर वय्‌काः ह्वाँय् ह्वाँय् ख्वया "आः गथे याय्, जितः छु जूगु" धयाः प्वंका च्वनी धाःसा राग द्वेष व मोहं विमुक्त चित्तावस्थाया खँ भाषाय् शब्द चित्रणय् गथे दय् फइ ? उकि बर्थेलंभी व ओल्डनवर्ग "निब्बाणबारे शब्दं विनिश्चय धाय्‌गुली बौद्धपिन्त विचिकित्सा जू" धकाः धया दीगु खँ पाय्‌छि थासय् मलाः। निब्बाणया मेगु शब्द कथं वया च्वंगु "अमत, अनुत्तर, असङ्खत व सन्ति" शब्द आलंकारिक अभिव्यक्ति जक मखु, धम्मपदट्ठकथाया प्रसंग तापाकं पृथिवी च्वनाः खने दइगु ध्रुवताराथें दसु वा यथार्थता खः।

पालि बौद्ध साहित्यया गहन अध्ययन याना दीम्ह पालि त्रिपिटकया दकसिबे अप्वः सफू अंग्रेजी भाषाय् अनूदित याना दीम्ह रोज डेविड्‌सया शब्दय् निर्वाण वीतराग पुरुषया सम्यक् प्रज्ञा खः मुक्त आर्यया आहार खः। निर्वाणया मेगु अर्थ प्रज्ञा व सम्यक् शान्ति खः।

पूसें 'निर्वाण' धयागु सफू छगू हे च्वया दीगु दु। वय्‌कलं च्वया दिल, 'निर्वाण स्वर्गया विपर्यय-थें खः। स्वर्ग जीवया दीर्घकालीन संसरण स्थान खः, तर निर्वाण संसारया अन्त खः। स्वर्ग पुण्यया प्रतिफल खःसा, निर्वाण पाप व पुण्यं मुक्तावस्था पारावस्था खः। तर निर्वाण अचेतन अवस्थाया वेदनाया अभाव वा विमुक्त पाषाण तुल्य सुख धयागु खँ नं मखु। आर्यसत्यया यथार्थता, मनया विषय, संस्कृत-असंस्कृत धर्मय् अग्रभाव, क्लेशादि रोगया निरोधावस्था जूया निर्ति निब्बाण अभावावस्था मखु। निब्बाण अत्थिधम्म वा एकान्त शान्ति खः। मिलिन्दप्रश्नय् धयातःथें स्वरूपतः धाय् मफुगु तर गुणतः दृष्टान्त रूपय् निब्बाणबारे धाय्‌फु, वथें हे स्वंगू तृष्णाया निरोध निर्वाणं जुइ। पूसें निर्माणयात योगं (समाधि) जक साक्षात्कार याय् फइगु खँ गन न्ह्यथना दिल अन हे आत्म-प्रतिषेधयात स्वीकार याना मदी। सोनार्त्तया शरीर फेनोपम वेदना लःप्वःप्वःचा संज्ञा मरीचिका तुल्य धयागु आधारय् दिकातःगु यानाः व्याख्यायात पूसें स्वीकार याना मदी।

थुखे पूसेंया बौद्धिक अध्ययनया लिसः शखात्स्कीं बिया दिल। वय्‌कःया विश्लेषणय् योग प्रतिया आकर्षण प्रभाव मखु, बरु दार्शनिक पद्धतिया प्रभाव अप्वः दु। थःगु The Conception of Buddhist Nirvana सफूया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तय् वय्कलं ११ गू बुंदा प्रस्तुत याना दीगु दु। सारांशय् घा:सा बुद्ध-धर्मया मौलिक अवस्थाय् अर्थात् ईसाया खुगू शताब्दी न्हापा बुद्धं नित्य आत्माया प्रतिषेध याना बिज्यात। निर्वाण अमृत्यु पद खः। बुलुं बुलुं बुद्ध लोकोत्तर जुल। अले प्रथम शताब्दी बुद्धया धर्मकायय् (Cosmical body) वेदान्त प्रभाव लात। समन्तभद्र व वैराचेन आदिया प्रचार प्रसार जुल। रूप व चित्तादिया विभज्जवाद बुलुल। महासांधिक वात्सीपुत्रीय निकायय् निर्वाणया अवस्थाय् नं छगू प्रकारया चैतन्य दइतिनिगु विचार ब्वलन। हानं सौत्रान्तिकं निर्वाणयात अभाव मात्र भापिल यद्यपि थुमिसं नं बुद्धया धर्मकाययात माने या:। अनं लिपा वेदान्त प्रभावित अद्वयवादी बौद्ध दर्शनं बहुधर्मवादयात प्रतिवेधयात। हानं आलय-विज्ञानया कल्पना वय्वं विज्ञान वस्तुसत् हानं जगत मिथ्या भा:पिल। थुकिया नं प्रतिवादय् शून्यवादं जगत् मिथ्याथें विज्ञान नं वस्तुसत्या दृष्टी मिथ्या घोषितयात (The Conception of Buddhist Nirvana, Second Edition Delhi 1977 या पृष्ठ ६९-७१)। आचार्य नरेन्द्रदेव बुद्धधर्मया तहाक:गु इतिहासय् खने दुगु पुद्गल-नैरात्म्य व अनात्मवाद शिक्षाया आधारय् शाश्वतवादीया मतय् सहमत जुया: बुद्धया निर्वाणया अवस्थाय् चैतन्य शाश्वत अवस्था मानय् यायुगुलि अलग च्वना दिल (बौद्ध धर्म दर्शन, आचार्य नरेन्द्रदेव, पटना-४, १९७१ पृष्ठ ३०६। डा० राधाकृष्णजुं—'भिक्षुपि! अजात, अभूत, अकृत व असंस्कृत दु। भिक्षुपि! यदि व (निर्वाण) अजात, अभूत, अकृत व असंस्कृत मखुगु जूसा जात, भूत, कृत व संस्कृतया व्युपशम जुइ फइ मखु। भिक्षुपि! छाय्धा:सा व अजात, अभूत, अकृत व असंस्कृत खः उकिं जात, भूत, कृत व संस्कृतया व्युपशम धका: धाइगु खः (पाटलिगाम वग्ग ३, उदान)" या आधारय् निर्वाण समयं अनन्तगु (timeless) भावावस्था खः। वय्क:या दृष्टि निर्वाण अभावया चा अथवा मत सीगु अवस्थाया अंधकार भा:पीगु बौद्ध-सिद्धान्तया एकांश अध्ययन जक खः (Indian Philosophy, Radhakrishnan, Vol I, 1962, P. 446-458)।

थुकथं निर्वाणयाबारे याना तइगु बौद्धिक अध्ययनय् थ:थ:गु दृष्टिगत, संस्कारगत व स्तरगत कारणं बांला:, त:जि व ख:थें ख:थें च्वंसां मूलत: निर्वाणया भावावस्था वा अभावावस्था निगू विचारधारा खने दु। छगू हे बुद्ध-वचनय् थ:थ:गु धारणाया स्वीकारोक्ति दइगु, गन सुयात छु उद्देश्यय् गथे कना त:गु धका: बुद्ध-वचनया विश्लेषण संश्लेषण पूर्णत: न्यायकि कथं मजुइबलय् बुद्ध-वचनय् हे विरोधाभास खनीगु, थ:गु दृष्टि-कोणया समभावगु जुइवं बुद्ध-वचन अन्यथा बुद्ध-वचन मखु भा:पीगु प्रवृत्ति याना: बुद्ध-धर्मया बौद्धिक समीक्षण ला याना च्वनी धका: धा:सा निब्बाण विषयय् गन मयाइ? जिगु अल्प विचारय् "निब्बाण" यात भावावस्था वा अभावस्था धका: हाला च्वनेगु सिबे निर्वाणपाखे यंकीगु मार्गया अनुगमन श्रेयस्कर खः। "निर्वाण" या कामना लिसें पुण्यकार्य तृष्णा निर्मूल ज्याय् गुलि न्ह्यांवने फत, उलि हे निर्वाणयात अप्व: थुइके मा:कथं थुया वनी, खंके मा:कथं ख:कथं खना स्पष्ट खना वनी। अस्तु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशुद्धि मार्ग-३

शील निर्देश

अनुवादक – भिक्षु बुद्धघोष
केन्द्रीय परीक्षा नियन्त्रक
नेपाल बौद्ध परियति शिक्षा

अधिशील शिक्षा नां जुया च्वंगु शील थ:मं यानागु ज्या लुमंकेगु बखते पश्चाताप चाय्म्वागु आदि गुण धारण याना च्वंगु कारणं याना कल्याणकर जुया च्वन। समाधि शासनया मध्य कल्याण जुइगु कारण कना तल। "कुसलस्स उपसम्पदा" थ्व वचनं समाधि धर्मया मध्ये लाना च्वन। प्रज्ञा ऋद्धि-विद्य गुणयात हइगु कारणं कल्याण कारक जुया च्वन। प्रज्ञां अन्ते कल्याण कारक जुइगु कना तल। थ:गु चित्तयात परिशुद्ध याय्‌गु थ्वहे बुद्धया शिक्षा (शासन) ख:।

थुगु वचनं प्रज्ञा दक्कसिबे च्वेलागु कारण कल्याण कारक जुया च्वन।

उकिं भगवान् बुद्धं आज्ञा जुया बिज्यात—

सेलो यथा एक घनो वातेन न समीरति
एवं निन्दा पसंसासु न समिञ्जन्ति पण्डिता।

गथे ल्वहँया पहाडयात फसं संके फइमखु वथें हे पण्डित निन्दा व प्रशंसां दगे जुइगुमखु। वथें हे शीलं स्वंगु विद्या प्राप्त जुइगुया प्रधान कारण कनातल (भिक्षुं) शील सम्पत्तिया सहायतां स्वंगु बिद्यायात नं प्राप्त याना काय्‌फु। वयां च्वेयागु मफु। समाधि प्रतिसम्भिदा ज्ञान विशेष प्राप्त जुइगुया प्रधान कारणयात कनातल।

प्रज्ञा-सम्पत्तिया सहायतां प्यंगू प्रति सम्भिदा प्राप्तयाना काय्‌फु। प्रज्ञा विना मेगु गुगु साधनं नं मफु। शीलं काम सुखे लिप्त जुइगु अन्तयात त्याग याइ धका कनातल। समाधि थ:त पीडा बीगुली लगे जुया च्वनीगु (अत्तकिल मथानु योग) अन्तयात त्याग याइ धका कनातल। प्रज्ञां मध्यम प्रतिपदायात ग्रहण याकी धका कनातल। वथें शीलं अपायं मुक्त जुइगु उपाय कनातल। समाधि काम धातु अतिक्रम जुइगु उपाय धका कनातल। हानं प्रज्ञां सारा भव अतिक्रम जुया वनीगु उपाय कना तल। शीलं तदङ्ग प्रहाणया रूपे क्लेशया प्रहाण जुइगु कनातल। समाधि विक्खम्मण प्रहाण हानं प्रज्ञां समुच्छेद प्रहाण जुइगु कनातल।

थथे शील कायद्वार वचीद्वार उल्लङ्घन याइगु क्लेशया विरोधी धका कनातल। समाधि चित्ते उत्पन्न जुइगु परियुट्ठान क्लेशया विरोधी धका कनातल। प्रज्ञा अनुशय क्लेशया विरोधी धका कनातल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीलं दुश्चरित्र संक्लेशयात परिशुद्ध याइ धका कना तल। समाधि तृष्णा धयागु संक्लेशयात परिशुद्ध याइ धका कनातल। प्रज्ञां दिट्ठि धयागु संक्लेशयात परिशुद्ध याइ धका कनातल। हानं शील श्रोतापन्न, सकृदागामी जुइगुया साधन धका कनातल। समाधि अनागामी जुइगुया हानं प्रज्ञां अर्हत् जुइगुया साधन धका कनातल। थ्व खँ निश्चय ख: श्रोतापन्न सीलेसु परिपूरकारी अर्थात् श्रोतापन्न बुद्धं नं शीलयात परिपूर्ण याइ धका कनातल। वथें सकृदागामी अनागामीं समाधियात परिपूर्ण याइ धका कनातल। अर्हन्त प्रज्ञायात पूर्ण याइ धका कनातल।

थुगु प्रकारं थन तक स्वंगू शिक्षा, स्वंगू प्रकारया कल्याण कारक धर्म स्वंगू विद्या आदिया उपनिश्रय। निगू अन्तया त्याग, मध्यम प्रतिपदाया सेवन, उपाय आदि मुक्त जुइगुया साधन थुपि गुंगू व मेमेगु नं थुगु प्रकारं आपालं गुण धर्म कनातगु दु।

थथे अनेक गुणं युक्तगु शील, समाधि प्रज्ञाया रूपे क्यनातःगु थ्व विशुद्धि मार्ग अति संक्षेपं क्यनातःगु जुया च्वन। अकिं सकसितं उपकारया निंति पर्याप्त मजू धैगु विचार थुकिया विस्तृत वर्णन याय्। न्हापां शील सम्बन्धी निम्न प्रश्न रूपं जुया च्वन।

(१) शील धयागु छु ?
(२) छु अर्थे शील धा:गु ?
(३) थुकिया लक्षण रस (कृत्य) प्रत्युपस्थान (म्हसिकेगु आकार) पदस्थान समीपकारण छु ख: ?
(४) शीलया गुण छु ख: ?
(५) थ्व शील गोगू प्रकार दु ?
(६) थुकिया फल छु ?
(७) थुकिया विशुद्धि छु ?

(१) शील धयागु छु ?

जीव हिंसा आदि याय्‌गुलि विरत जुया च्वनीम्हसिगु अथवा उपाध्याय आदिया सेवा टहल याइम्हसिया चेतना आदि धर्मयात शील धाई। प्रतिसम्भिदा (मार्ग ग्रन्थे) थथे धयातःगु दु।

शील छु ख: ? चेतना शील, चेतसिक शील, संवर शील, अनुल्लङ्घन शील।

(क) जीव हिंसा आदि विरत जुया च्वनीम्ह अथवा व्रत प्रतिपत्ति (व्रताचार) पूर्ण याइम्हसिगु चेतनायात "चेतना शील" धाइ।

(ख) जीव हिंसा आदि याय्‌गुलि अलग जुया च्वनीम्ह व्यक्तिया विचारयात विरति चेतसिक शील धाइ।

हानं मेगु जीव हिंसा आदि याय्‌गुलि अलग जुया च्वनीम्ह व्यक्तिया न्हेगु कुशल कर्मपथयागु चेतना (कुशल कर्म याय्‌गु विचार) यात चेतना शील धाइ।

लोभ (अभिज्झा) यात त्यागयाना लोभ रहित चित्त जुया विहार याना जुइ आदि प्रकारं धयातःगु अनभिज्झा अब्यापाद सम्मादिट्ठि धर्मयात धागु जुया च्वन।

(ग) संयम जुया च्वनेगु सुरक्षित जुया च्वनेगु धर्मयात 'संवर शील' धाइ संवर शील न्यागु दु। यथा—पाति मोक्ख संवर सील, सति संवर सील, ञाण संवर सील, खन्ति संवर सील व वीरिय संवर सील।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातिमोक्ख संवर सील धयागु चक्खु इन्द्रिय-यात रक्षा याना च्वनेगु । थुकियात सति संवर शील धका धाइ ।

यानि सोतानि लोकस्मिं (अजिता'ति भगवा)
सति तेसं निवारणं
सोतानं संवर ब्रूमि
पञ्ञायिते पिधिय्यरेति ।।

